त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
डीनको कार्यालय
OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोश्वारा पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

मिति :- २०७५/०७/२०

# बिषय :- आवश्यकता सम्बन्धी सूचना ।

त्रि.वि. इ.अ.सं. अन्तर्गत पूर्वाञ्चल क्याम्पस, धरान तथा पश्चिमाञ्चल क्याम्पस, पोखराको लागि विभिन्न शैक्षिक तथा प्रशासनिक पदहरू करारसेवामा नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट मिति २०७५ कातिक २० गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम मिति २०७५ मंसीर ०४ गते दिनको ३:०० बजेभित्र आइपुग्ने गरी दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम इ.अ.सं., डीनको कार्यालय पुल्चोक वा पूर्वाञ्चल क्याम्पस, धरान र पश्चिमाञ्चल क्याम्पस पोखराबाट रू. १००/- तिरी प्राप्त गर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएको र रीत नपुगेको दरखास्त उपर कुनै कार्यवाही हुनेछैन । दरखास्त फारामसाथ निम्न लिखित कागजातहरूको प्रमाणित प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

१. प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्कपत्र तथा प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपिहरू ।

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति ।

इ.अ.सं., पूर्वाञ्चल क्याम्पस, धरानको लागि

| क्र.सं. | आवश्यक पद | बिषय | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | उपप्रा. / शिक्षण सहायक | आर्किटेक्चर | ५ | २ जना महिला |
| २ | उपप्रा. / शिक्षण सहायक | इलेक्ट्रिकल इन्जिनियरिङ्ग | ३ | १ जना महिला |
| ३ | उपप्रा. / शिक्षण सहायक | इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग | १ | - |
| ४ | उपप्रा. / शिक्षण सहायक | कम्प्यूटर इन्जिनियरिङ्ग | १ | - |

इ.अ.सं., पश्चिमाञ्चल क्याम्पस, पोखराको लागि

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १ | मुख्य कार्यालय सहायक (ल्याव असिस्टेन्ट) | १ |
| २ | मुख्य कार्यालय सहायक (कम्प्यूटर) | १ |

आवश्यक न्यूनतम योग्यता

उपप्राध्यापक पदको लागि : त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण ।

शिक्षण सहायक पदको लागि : त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रथम श्रेणीमा स्नातक (B.E.) तह उत्तीर्ण ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ अध्ययन संस्थान
Institute of Engineering
# डीनको कार्यालय
# OFFICE OF THE DEAN

GPO box- 1915, Pulchowk, Lalitpur
Tel: 977-5-521531, Fax: 977-5-525830
dean@ioe.edu.np, www.ioe.edu.np
गोर्खाना पो.ब. नं- १९१५, पुल्चोक, ललितपुर
फोन- ५५२१५३१, फ्याक्स- ५५२५८३०

| | | |
|---|---|---|
| मुख्य कार्यालय सहायक (कम्प्यूटर) | : | त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्प्यूटर सम्बन्धी ६ महिनाको डिप्लोमा तालिम प्राप्त गरेको । |
| मुख्य कार्यालय सहायक (ल्याव असिस्टेन्ट) | : | त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रमाण-पत्र तह उत्तीर्ण गरेको । |

दरखास्त दस्तुर : उपप्राध्यापक / शिक्षण सहायक पदको लागि — रू. १,५००/-
कम्प्यूटर अपरेटर र ल्याव असिस्टेन्ट, पदकोलागि — रू. १,२००/-

उमेरको हद : कर्मचारीको हकमा पुरूष ३५ वर्ष ननाघेको तथा महिलाको ४० वर्ष ननाघेको हुनुपर्ने । शिक्षकको हकमा ४५ वर्ष ननाघेको ।

वेतनक्रम: त्रि.वि. को प्रचलित स्केल वमोजिम ।

सम्पर्क मिति : २०७५ मंसीर ५ गते बुधबार ।

(मीना सुवाल श्रेष्ठ)
सदस्य-सचिव
पदपूर्ति समिति ।